# सहकारी खेती निर्देशिका, २०६५

(नेपाल सरकार (विभागीय मन्त्रीस्तर) मिति २०६५।१०।७ को निर्णय अनुसार स्वीकृत)
(नेपाल सरकार (विभागीय मन्त्रीस्तर) मिति २०६६।०८।१५ को निर्णय अनुसार पहिलो संशोधन )

**प्रस्तावना :**

"कृषिमा उत्पादकत्व बढाउन गाउँ गाउँमा सहकारी घरघरमा भकारी नारा अन्तर्गत साना किसानहरुलाई सहकारी अवधारणामा खेती गर्न उत्प्रेरित गरिनेछ। दलित तथा सामाजिक रुपमा विपन्न एवं पिछडिएका जनजाति, महिला, सुकुम्वासी, मुक्त कमैया र भूमिहीनलाई सहकारीमा आवद्ध गरी सम्भाव्यताका आधारमा अतिक्रमण नहुने गरी सामुदायिक वन, मुक्त कमैया क्षेत्र, नयाँ वृक्षारोपण भएको क्षेत्र, विद्युतीय प्रसारण लाईनमुनि रहेको खाली जग्गा र सरकारी बांझो जग्गामा खेती गर्न प्रोत्साहन गरिनेछ" भन्ने आर्थिक वर्ष ०६५/६६ को बजेटमा उल्लेख भए अनुसार सो को कार्यान्वयनको लागि सहकारी संस्था मार्फत खेती गर्न यो "सहकारी खेती निर्देशिका, २०६५" तर्जुमा गरी लागु गरिएको छ।

परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो निर्देशिकाको नाम "सहकारी खेती निर्देशिका, २०६५" रहेको छ।
(२) यो निर्देशिका नेपाल सरकारले स्वीकृत गरे पछि लागु हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "सहकारी संस्था" भन्नाले सहकारी ऐन, २०४८ को दफा ५ बमोजिम सामूहिक खेती/कृषि व्यवसाय गर्ने उद्देश्यले गठन भएको सहकारी संस्थालाई सम्झनु पर्छ।

(ख) "सहकारी खेती/कृषि व्यवसाय" भन्नाले नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा, स्थानीय निकायको स्वामित्व वा नियन्त्रणमा रहेको जग्गा, करारमा लिइने जग्गा, सार्वजनिक रुपमा उपभोग भई रहेको जग्गा वा ती जग्गाहरुमा सामूहिक रुपमा पूँजी र श्रम लगानी गरी पूँजी र श्रमको आधारमा प्रतिफल प्राप्त गर्ने उद्देश्यले सहकारी संस्था मार्फत कृषि वस्तु उत्पादन, प्रशोधन तथा विक्रि वितरण गर्नका लागि गरिने सहकारी खेती प्रणालीलाई सम्झनु पर्दछ।

(ग) "कृषि वस्तु" भन्नाले सहकारी खेती मार्फत उत्पादन गरिने खाद्यान्न, दलहन, तेलहन, मसला, जडिवुटी, तरकारी, फलफूल, नगदेबाली, पशुपंक्षी, माछा र गैरकाष्ठ वन उत्पादन, प्रशोधन तथा विक्रि वितरण समेतलाई सम्झनु पर्दछ।

(घ) (१) "लक्षित वर्ग" भन्नाले दलित तथा सामाजिक रुपमा विपन्न एवम् पिछडिएका आदिवासी, जनजाती, महिला, सुकुम्वासी, मुक्त कमैया र भूमिहीनलाई जनाउँदछ।

(२) उल्लेखित लक्षित वर्गहरु बाहेक अन्य व्यक्तिहरुले पनि आपसमा सम्झौता गरी आफ्ना नीजि स्वामित्वको जग्गामा सहकारी संस्था गठन गरी सहकारी खेती गर्न सक्नेछन्।

(३) सहकारी संस्थामा आवद्ध सदस्यहरुले छुट्टाछुट्टै वा सामूहिक रुपमा आफ्ना निजी जग्गा एकीकृत (Land Pooling) गरी सहकारी खेती सञ्चालन गर्न सक्नेछन्।

(४) संस्थाका सदस्यहरुले आफुले योगदान गरेको जग्गा र श्रमको आधारमा प्रतिफल प्राप्त गर्नेछन्।

(ङ) "लक्षित क्षेत्र" भन्नाले सामुदायिक वन, मुक्त कमैया क्षेत्र, नयाँ वृक्षारोपण भएको क्षेत्र, विद्युतिय प्रशारण लाईन मुनि रहेको खाली जग्गा, करारमा लिइएको जग्गा र सरकारी बांझो जग्गालाई जनाउँदछ।

३. **निर्देशिकाको उद्देश्य** : यस निर्देशिकाको प्रमुख उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

(क) सहकारी खेती प्रणाली मार्फत लक्षित वर्गको जीवनस्तर माथी उठाउने,

(ख) सहकारी खेतीका लागि लक्षित क्षेत्रको जग्गा सदुपयोग गर्ने,

(ग) सहकारी मार्फत कृषि सामग्रीको आपूर्ति तथा बालीको व्यवसायिक उत्पादन, खरिद विक्रि, भण्डारण र बजारिकरणको प्रवर्द्धन गर्ने,

(घ) कृषिको उत्पादन बढाउने, र

(ङ) कृषिलाई उद्योगको रुपमा विकास गर्ने ।

४. नेपाल सरकारले जग्गा उपलब्ध गराउन सक्ने : नेपाल सरकारले सहकारी संस्थामा आवद्ध लक्षित वर्गलाई सम्भाव्यताका आधारमा लक्षित क्षेत्रमा रहेको खाली जग्गा, स्थानीय निकायको स्वामित्व वा नियन्त्रणमा रहेको जग्गा वा सरकारी बाँझो जग्गा सहकारी खेती गर्ने प्रयोजनको लागि उपलब्ध गराउन सक्नेछ ।

५. **उच्चस्तरीय निर्देशन समितिको गठन** : (१) दफा २ (घ) बमोजिम लक्षित वर्ग र २ (ङ) वमोजिमको लक्षित क्षेत्रमा सहकारी खेती गर्ने प्रयोजनको लागि अन्तरनिकायगत समन्वय र नीतिगत मार्गनिर्देशन गर्न गराउन देहाय बमोजिमको उच्चस्तरीय निर्देशन समिति रहनेछ -

| | | |
|---|---|---|
| (क) | मन्त्री/राज्यमन्त्री कृषि तथा सहकारी मन्त्रालय | अध्यक्ष |
| (ख) | सचिव, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| (ग) | सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय | सदस्य |
| (घ) | सचिव, वन तथा भू-संरक्षण मन्त्रालय | सदस्य |
| (ङ) | सचिव, स्थानीय विकास मन्त्रालय | सदस्य |
| (च) | सचिव, जलश्रोत मन्त्रालय | सदस्य |
| (छ) | महानिर्देशक, कृषि विभाग | सदस्य |
| (ज) | महानिर्देशक, पशु सेवा विभाग | सदस्य |
| (झ) | रजिष्ट्रार, सहकारी विभाग | सदस्य–सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले लक्षित क्षेत्रको जग्गा दफा ६ वमोजिमको व्यवस्थापन समिति मार्फत उपलब्ध गराउन आवश्यक नीति र निर्देशन तय गर्नेछ ।

(३) उच्चस्तरीय निर्देशन समितिको बैठक प्रत्येक ३/३ महिनामा एक पटक र आवश्यकता अनुसार जति पटक पनि बस्नेछ ।

६. **जिल्ला जग्गा व्यवस्थापन समिति** : (१) स्थानीय स्तरमा सहकारी खेतीको लागि सहकारी संस्थालाई जग्गा उपलब्ध गराउने प्रयोजनका लागि जिल्ला स्तरमा देहायको समिति रहनेछ :

| | | |
|---|---|---|
| (क) | प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय | संयोजक |
| (ख) | स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय | सदस्य |
| (ग) | प्रमुख, भूमिसुधार कार्यालय/मालपोत कार्यालय | सदस्य |
| (घ) | प्रमुख, जिल्ला वन कार्यालय | सदस्य |
| (ङ) | प्रमुख, जिल्ला पशुसेवा कार्यालय | सदस्य |
| (च) | सहकारी अधिकृत, डिभिजन सहकारी कार्यालय | सदस्य |
| (छ) | अध्यक्ष, जिल्ला सहकारी संघ | सदस्य |
| (ज) | अध्यक्ष, दुग्ध, कृषि, तरकारी तथा फलफूल, कफी र मौरीपालन संघहरु | सदस्य |
| (झ) | प्रमुख, जिल्ला कृषि विकास कार्यालय | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले दफा ४ मा उल्लेखित लक्षित वर्गहरु आवद्ध रहेको सहकारी संस्थालाई सहकारी खेतीका लागि जग्गा उपलब्ध गराउनेछ ।

७. **प्रतिफल प्राप्त गर्ने** : (१) दफा ४ मा उल्लेखित जग्गाहरुमा सहकारी खेतीबाट प्रांप्त प्रतिफल सदस्यहरुले योगदान गरेको श्रमको आधारमा प्राप्त गर्नेछन् ।

(२) संस्थाको सञ्चालक समितिले प्रचलित कानूनले तोकेको भन्दा कम नहुने गरी श्रमको ज्याला निर्धारण गर्नेछ ।

८. **प्राविधिक सहयोग उपलब्ध हुने** : दफा २(घ) बमोजिम सहकारी खेती सञ्चालन गर्ने संस्थाहरुलाई जिल्ला कृषि विकास कार्यालय र पशु सेवा कार्यालय अन्तर्गत सञ्चालन हुने कार्यक्रमहरु संग आवद्ध गराई कृषि तथा पशुपालन सम्बन्धी प्राविधिक सहयोग उपलव्ध गराइनेछ ।

९. **आर्थिक सहयोग** : नेपाल सरकारवाट स्वीकृत कार्यक्रम, वजेट र नर्मसको परिधि भित्र रही छुट्टाईएको रकम दफा २(घ) मा उल्लेखित लक्षित वर्गद्वारा सहकारी खेतीको लागि स्थापना गरेको सहकारी संस्थाले प्राप्त गर्नेछ ।

१०. **शुल्क, नविकरण र जग्गा फिर्ता** : (१) सहकारी खेतीका लागि उपलब्ध गराइएको जग्गा बापत जिल्ला जग्गा व्यवस्थापन समितिले न्यूनतम शुल्क निर्धारण र राजस्व जम्मा गर्ने व्यवस्था र प्रत्येक वर्ष यसको नविकरण गर्ने व्यवस्था गर्नेछ ।

११. **अनुगमन तथा सुपरीवेक्षण** : (१) सहकारी संस्थाले सञ्चालन गरेको सहकारी खेती र सो को व्यवस्थापनको नियमित अनुगमन र सुपरीवेक्षण गर्नको लागि दफा ६ बमोजिम गठन भएकौ समितिले सम्भव भएसम्म सहकारी अधिकृत समेत रहेको एक टोली गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको टोलीले सम्बन्धित संस्थाको अनुगमन तथा सुपरीवेक्षण गरी सो को प्रतिवेदन जिल्ला स्तरीय जग्गा व्यवस्थापन समिति मार्फत सहकारी विभाग समक्ष पेश गर्नुपर्नेछ ।

११. **अनुदानको रकम दुरुपयोग गर्न नहुने** : नेपाल सरकारवाट प्राप्त अनुदान रकमको हिनामिना वा दुरुपयोग भएमा नेपाल सरकारले सम्बन्धित सहकारी संस्थाका सञ्चालकहरुवाट सरकारी वाँकी सरह असूल उपर गर्नेछ ।

नोट : १. निर्देशिकामा उल्लेखित कुराहरु प्रचलित कानुनसंग बाझिएको हदसम्म स्वतः रद्ध भएको मानिनेछ ।
२. यस निर्देशिकाको कार्यान्वयनको लागि नेपाल सरकारले कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

# सहकारी खेती कार्यान्वयन कार्यविधि, २०६५

(नेपाल सरकार सचिवस्तर मिति २०६५।११।९ को निर्णय अनुसार स्वीकृत)

सहकारी खेती निर्देशिका, २०६५ को दफा १२ (२) ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि बनाईएको छ ।

१. **उद्देश्य** : यस कार्यबिधीको प्रमुख उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

(क) सहकारी खेती प्रणाली/कृषि व्यवसाय मार्फत लक्षित वर्गको जीवनस्तर माथी उठाउने,

(ख) सहकारी खेती/कृषि व्यवसायका लागि लक्षित क्षेत्रको जग्गा सदुपयोग गर्ने,

(ग) सहकारी मार्फत कृषि सामग्रीको आपूर्ति तथा बालीको व्यवसायिक उत्पादन, खरिद विक्रि, भण्डारण र बजारिकरणको प्रवर्द्धन गर्ने,

(घ) कृषिको उत्पादन बढाउने,

(ङ) कृषिलाई उद्योगको रुपमा विकास गर्ने, र

(च) पशुपालन (विशेषगरी बंगुर र कुखुरापालन) - व्यवसायलाई सहकारीकरणको माध्यमबाट दलित तथा सामाजिक रुपमा विपन्न एवम् पिछडिएका आदिवासी, जनजाति, महिला, सुकुम्वासी, मुक्त कमैया र भूमीहिन परिवारको रोजगारी एवम् आय आर्जनमा टेवा पुऱ्याउने ।

## २. स्कीम/कार्यक्रम छनौटका आधारहरु

२.१ सहकारीको भावना एवं मर्म अनुरुप व्यवसायिक रुपमा खेती गर्न उत्सुक लक्षित वर्गमा समावेश दलित तथा सामाजिक रुपमा विपन्न एवं पिछडिएका आदिवासी, जनजाती, महिला, सुकुम्बासी, मुक्त कमैया र भुमीहीनहरु समावेश भएको कृषि/पशु सहकारी संस्थाले स्कीम/कार्यक्रम सञ्चालन गर्नेछन् ।

२.२ जनसहभागिताको आधारमा स्थानीय श्रोतको वढि परिचालन गर्न सक्षम कृषि/पशु सहकारी संस्था हुनु पर्नेछ ।

२.३ प्रतिकूल वातावरणीय असर न्यून हुने आयोजनाहरुलाई विशेष रुपमा लिइनेछ ।

२.४ छनौट भएका स्कीम/कार्यक्रमहरु सोही आर्थिक वर्ष भित्र पूरा हुनु पर्नेछ ।

२.५ लक्षित वर्गका महिलाहरुद्वारा संचालीत सहकारी संस्थाहरुलाई छनौट प्रक्रियामा प्राथमिकता दिइनेछ ।

## ३. कार्यक्रम संयोजक र निजको दायित्व

३.१ सहकारी खेती स्कीम/कार्यक्रम कार्यान्वयनको लागि जिल्ला कृषि विकास/पशु सेवा कार्यालयका कार्यालय प्रमुखलाई संयोजक तोकिएको छ। कार्यालय प्रमुख नभएको अवस्थामा कार्यालय प्रमुखले तोकेको अधिकृत/कर्मचारी संयोजक हुनेछ ।

३.२ संयोजकले त्यस्ता कृषि/पशु सहकारी संस्थालाई कार्यक्रम सञ्चालनको लागि आवश्यक पर्ने प्राविधिक सेवा र अन्य सामग्रीको व्यवस्थाको लागि जिल्ला स्थित अन्य सम्बन्धित निकाय र संस्थाहरु (Line Agencies) संग समन्वय गर्नु पर्नेछ ।

३.३ संयोजकले नियमित रुपमा कृषि/पशु सहकारी संस्थाहरुबाट सञ्चालित स्कीम/कार्यक्रमको निरीक्षण, अनुगमन र रिपोर्टिङ्ग कार्य गर्नु पर्नेछ ।

३.४ संयोजकले यस्ता कृषि/पशु सहकारी संस्थालाई सहकारी व्यवस्थापन र सहकारी लेखा प्रणाली सम्बन्धी तालिम तथा कृषि/पशु प्रविधिबारे ज्ञान र शीप प्रदान गर्ने खालका तालिमहरु/पुस्तिका प्रकाशन/अध्ययन अबलोकन भ्रमणहरु पनि सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## ४. कार्यान्वयन प्रकृया

४.१ सूचना प्रवाह : जिल्ला कृषि विकास/पशु सेवा/डिभिजन सहकारी कार्यालयले यस्ता स्कीम/प्रस्ताव माग गर्दा अपनाउनु पर्ने आधारहरु तथा कार्यविधिबारे सेवा केन्द्र/उप-केन्द्र तथा गा.वि.स. मार्फत अधिकतम सूचना प्रवाह गराउनु पर्नेछ। पशु सेवा सहकारी संस्था छनौटको सन्दर्भमा जिल्ला पशु सेवा कार्यालयले प्राविधिक रुपमा उपर्युक्त स्थान/सहकारीको पहिचान सहित जिल्ला कृषि विकास समितिमा पेश गर्नेछ। तर पशु सेवासंग

सम्बन्धित बंगुर तथा कुखुरापालन समूह/समिति भएमा सोही समूह/समितिलाई सहकारीमा परिणत गर्न प्राथमिकता दिनेछ ।

४.२ निवेदन : अनुसूची १ (क र ख) अनुसारको निवेदन सहित सहकारी खेतीमा आधारित स्कीम/प्रस्ताव सहित कार्यक्रममा सहभागी हुने कृषि/पशु सहकारी संस्थाले राजश्व वापत रु. १००।- (फिर्ता नहुने गरी) वुझाई स्कीम/प्रस्ताव (Proposal), सहकारी संस्था दर्ता प्रमाण-पत्रको प्रतिलिपी, कृषि/पशु सेवा केन्द्रको सिफारिश, स्कीम/कार्यक्रम सञ्चालनको लागि संस्थाको निर्णय प्रतिलिपी र निवेदक संस्था तथा जिल्ला कृषि विकास/पशु सेवा कार्यालयले व्यहोर्ने रकम छुट्टाछुट्टै देखिने गरी निवेदक संस्थाबाट तयार गरिएको मोटा मोटी लागत विवरण समेत पेश गर्नु पर्नेछ ।

४.३ सहकारी खेतीमा आधारित स्वीकृत स्कीम/प्रस्ताव सहकारी संस्थाको सदस्यहरुद्वारा गठित समितिहरुबाट सञ्चालन गरिनेछ र आफैले नगरी दोश्रो व्यक्ति वा अन्य संस्थालाई ठेक्कापट्टामा दिन पाइने छैन ।

४.४ स्कीम/प्रस्तावमा निवेदक संस्थाले आफ्नो तर्फबाट गर्ने कार्यहरु, अनुमानित लागत र जिल्ला कृषि विकास/पशु सेवा तथा केन्द्रीय कार्यालयले गर्नु पर्ने कार्यहरु समेत अनुसूची-२ (क र ख) अनुसार स्पष्ट खुलाउनु पर्नेछ ।

४.५ यसरी प्राप्त भएका स्कीम/प्रस्तावलाई जिल्ला कृषि विकास/पशु सेवा कार्यालयले प्रारम्भिक प्रतिवेदन मस्यौदा सहित जिल्ला कृषि विकास समितिको वैठकमा निर्णयार्थ पेश गर्नु पर्नेछ । पेश भएका प्रस्ताव छनौट गर्दा समितिले निम्न आधारहरुमा छनौट गर्ने छ :-

क) प्राविधिक उपयुक्तता

ख) आर्थिक प्रस्तावमा निवेदन दिने सहकारी संस्थाले व्यहोर्ने प्रतिशत

४.६ जिल्ला कृषि विकास समितिको वैठकबाट निर्णय भै छनौट भएका स्कीमको भौतिक संरचना निर्माण र अन्य व्यवस्थापन कार्यको सम्बन्धित प्राविधिकबाट तयार गरिएको लागत ईष्टिमेट सम्बन्धित जिल्ला कृषि विकास कार्यालय / जिल्ला पशु सेवा कार्यालयले स्विकृत गर्नेछ ।

४.७ लगत इष्टिमेट तयार गर्दा इष्टिमेट अंकको ५ % रकम कन्टीजेन्सी स्वरुप राख्नु पर्नेछ । उक्त ५% रकम जिल्ला कृषि विकास/पशु सेवा कार्यालयबाट अनुगमनको लागि दैनिक भ्रमण भत्ता र आवश्यक सामान खरिद एवं अन्य काममा प्रयोग गर्न सक्नेछ ।

४.८ जिल्ला कृषि विकास कार्यालयले सहकारी खेती स्कीम कार्यक्रम सञ्चालन गर्न प्रति स्कीम वढिमा रु. ६,००,०००।- (छ लाख) अनुदान रकम उपलब्ध गराउन सक्नेछ । उक्त रकम निम्न लिखित शिर्षकमा खर्च गर्न सकिनेछ ।

(क) <u>चालु खर्च</u>: यस अन्तरगत बढीमा कुल अनुदान रकमको ३० % निम्न बमोजिमका कार्यको लागि खर्च गर्ने । जस्तै- सहकारी सचेतना तथा पूर्व सहकारी शिक्षा तालिम, सहकारी व्यवस्थापन तालिम, सहकारी लेखा प्रणाली सम्बन्धी तालिम, कृषि/पशु तालिम आदि । यसका अतिरीक्त कृषि उत्पादन सामग्री खरीद तथा सेवा/सामग्री/ श्रोतमा खर्च गर्न सकिनेछ ।

(ख) <u>पूंजीगत खर्च :</u> यस अन्तरगत बढिमा कूल अनुदान रकमको ७० % सम्म निम्न बमोजिमका कार्यका लागि खर्च गर्ने । जस्तै - औजार, यन्त्र उपकरण, मेशिनरी, पशुबस्तु तथा निर्माण कार्यहरु आदी ।

४.९ सहकारी खेती स्कीम/प्रस्तावको कार्यान्वयनको लागि छनौट भएका सहकारी संस्थाले उक्त स्कीम/प्रस्ताव कार्यान्वयन गर्न लाग्ने कूल लागतको घटिमा १५ प्रतिशत लागत जन श्रमदान वा नगदको रुपमा वा दुवै सम्बन्धित सहकारी संस्थाले जुटाउनु पर्नेछ ।

४.१० जिल्ला कृषि विकास कार्यालयले उपलब्ध गराउने रकम वढिमा रु. ६,००,०००।- (छ लाख) ३ किस्तामा उपलब्ध गराइने छ । पहिलो किस्ता आयोजना शुरु गर्नको लागि २० प्रतिशत, दोश्रो र तेश्रो किस्ता कार्य सम्पन्न प्रगतिको आधारमा उपलब्ध गराइनेछ ।

४.११ कार्यक्रम स्वीकृत भैसकेपछि सहकारी खेती गर्ने सहकारी संस्था/ समूहले अनुसूची - ३ (क र ख) अनुसारको करारनामा/सम्झौता गर्नु पर्नेछ ।

४.१२ **बंगुर तथा कुखरा पालन कार्यक्रम सञ्चालन सम्बन्धमा** :

पशु सेवा तर्फको सहकारी संस्थाले कार्यक्रम सञ्चालनार्थ प्राप्त गरिने रकमको सन्दर्भमा उक्त संस्थाले जिल्ला कृषि विकास समितिबाट कार्यक्रम एवं खर्चको प्रक्रिया पूर्व समर्थन गरे पश्चात मात्र कार्यक्रम सञ्चालन गरिने छ । सहकारी कार्यक्रम अन्तर्गतका कार्यक्रमहरु मूख्यरुपमा निम्नानुसार हुनेछन् ।

**बंगुर तथा कुखरा पालन कार्यक्रमः**

- चल्ला/बंगुर पाठापाठी वितरण, खोर निर्माण/मर्मत, दाना खरिद, विमा कोष स्थापना आदि कार्यक्रमहरु सहकारी संस्थाबाट सञ्चालन गरिनेछ ।
- सहकारी संस्थाको माग बमोजिमका अन्य कार्यहरु जस्तैः प्राविधिक सामाग्री, तालिम, अनुगमन, निरिक्षण, सूचना प्रवाह, खोप, उपचार सेवा आदि कार्यहरु जिल्ला तथा केन्द्रिय स्तरबाट सञ्चालन गर्न सहकारी संस्थाबाट प्रस्ताव हुनेछ । सहकारी संस्थाका लागि यस्ता कार्यक्रमहरु जि.प.से./केन्द्र स्तरका कार्यालयहरुबाट कार्यान्वयन हुनेछ ।
- कूल स्वीकृत रकमको ५० प्रतिशत रकम आयोजना शुरु गर्नु पूर्व सहकारी संघ/संस्थालाई पेश्कीको रुपमा उपलब्ध गराईनेछ । कार्यक्रम कार्यान्वयन पश्चात सहकारी संस्थाले प्रगति प्रतिवेदन, खर्चको विवरण, बील भर्पाई आदि जिल्ला पशु सेवा कार्यालयमा पेश गर्नु पर्नेछ । जिल्ला पशु सेवा कार्यालयले स्थलगत अनुगमन निरिक्षण गरी जिल्ला कृषि विकास समितिमा अन्तिम भुक्तानीको लागि सिफारिश गरी समितिबाट स्वीकृत भए पश्चात मात्र अन्तिम भुक्तानी दिईनेछ ।

## ५. भौतिक प्रगति प्रतिवेदन

कार्य प्रगतिको मूल्यांकन देहाय बमोजिमको प्रतिशतमा समायोजन गरी प्रस्तुत गर्नु पर्नेछ :

- सूचना प्रकाशन, निवेदन संकलन, प्रारम्भिक सर्भेक्षण, प्राथमिकता निर्धारण - १०%
- आयोजना पहिचान, लागत ईस्टिमेट तयारी, आयोजना छनोट, सम्झौता तथा कार्य आदेश - २०%
- लक्ष्य अनुसार कार्यक्रम कार्यान्वयन, कार्य सम्पादन निरीक्षण, कार्य सम्पादन प्रतिवेदन तथा भुक्तानी - ७०%

## ६. जिल्ला कृषि बिकास कार्यालय तथा पशु सेवा कार्यालयहरुले मासिक, चौमासिक तथा बार्षिक प्रगती प्रतिवेदनहरु जिल्ला विकास समिति, कृषि प्रसार निर्देशनालय/केन्द्रिय बंगुर कुखुरा प्रवर्द्धन कार्यालय/ क्षेत्रीय कृषि/पशु सेवा निर्देशनालय र कृषि/पशु सेवा विभागमा नियमित रुपले उपलब्ध गराउने ।

## ७. लागत इष्टिमेट, निर्माण कार्य सुपरभिजन र कार्य सम्पन्न प्रतिवेदन सम्बन्धी प्राविधिक सेवा

७.१ सहकारी खेती स्कीम कार्यक्रम अन्तरगतको निर्माण सम्बन्धी प्राविधिक कामका लागि क्षेत्रीय कृषि निर्देशनालयका कृषि ईन्जिनियरिङ्ग शाखाका प्राविधिक वा जिल्ला विकास समितिसंग अनुरोध गरी जिल्ला स्थित प्राविधिक कार्यालयका प्राविधिकहरुबाट लगत इष्टिमेट गराउनु पर्नेछ ।

७.२ सहकारी खेती सम्बन्धि स्कीमको निर्माण कार्यको सुपरभिजन, कार्यसम्पन्न प्रतिवेदन र बील तयार गर्ने काम जिल्ला कृषि विकास कार्यालय र सहकारी संस्थाको अनुरोधमा उक्त कार्यमा खटिने क्षेत्रीय कृषि निर्देशनालयका कृषि ईन्जिनियरिङ्ग शाखाका प्राविधिक वा जिल्ला स्थित प्राविधिक कार्यालयका ईन्जिनियर/ओभरसियरबाट हुनेछ ।

७.३ क्र.सं. ७.२ बमोजिम कार्य गर्न ईन्जिनियर/ओभरसियरको दैनिक तथा भ्रमण खर्च वापत लाग्ने रकम कन्टीन्जेन्सी रकमबाट व्यहोर्न सकिनेछ ।

७.४ क्षेत्रीय कृषि निर्देशनालयका कृषि ईन्जिनियरिङ्ग शाखाका प्राविधिक वा जिल्ला प्राविधिक कार्यालयबाट ओभरसियर उपलब्ध हुन नसक्ने अवस्थामा मात्र जिल्ला स्थित अन्य कार्यालयमा उपलब्ध ओभरसियरहरुलाई यस्तो आयोजनामा संलग्न गराउन सकिनेछ ।

८. **कार्य सम्पन्न प्रतिवेदन :**

कार्य सम्पन्न प्रतिवेदन डिजाइन, इष्टिमेट र सम्झौता अनुसार स्कीमको कार्य पूर्ण रुपले सम्पन्न भई सञ्चालन हुने अवस्थामा तपसिल बमोजिम कार्य सम्पन्न प्रतिवेदन दिनु पर्नेछ ।

८.१ कृषक सहकारी संस्थाले निर्माण कार्य सुपरभिजन गर्ने वा अन्तिम विल तयार गरी भुक्तानीको लागि पेश गर्ने वा सुपरभिजन गरी फाइनल विल तयार गर्ने प्राविधिकबाट आइटमवाइज कार्य सम्पन्न प्रतिवेदन तयार गर्न लगाई जिल्ला कृषि विकास कार्यालयमा पेश गर्नु पर्नेछ ।

८.२ यसरी प्राप्त कार्य सम्पन्न प्रतिवेदनबारे सम्बन्धित जिल्ला कृषि विकास कार्यालय/कृषि सेवा केन्द्रबाट स्थलगत निरीक्षण गरी सन्तोषजनक रुपमा सम्पन्न भएको निर्माण कार्यको अन्तिम भुक्तानी र स्किमको सञ्चालन अवस्थाबारे संस्थाको वैठकबाट निर्णय गराई जि.कृ.वि.का. मा पेश गर्ने । वैठकको निर्णय सहित कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछि कार्यक्रम संयोजकको सिफारिशमा जि.कृ.वि.का.ले साधारणतया १ (एक) हप्ता भित्र अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था गर्नु पर्नेछ ।

८.३ जि.कृ.वि.का.ले कार्य सम्पन्न भएका स्कीम कार्यक्रमहरुको यथासमय जिल्ला कृषि विकास समितिमा जानकारी गराउनु पर्ने छ ।

८.४ सहकारी संस्थाको लापरवाहीको कारण समयमा कार्य सम्पन्न नभई हानी नोक्सानी हुन गएमा त्यसको सम्पूर्ण जिम्मेवारी सहकारी संस्थाको हुनेछ । सम्झौता बमोजिम कार्य सम्पन्न नगरेमा नेपाल सरकारको प्रचलित ऐन कानून अनुसार आवश्यक कार्यवाहि तथा रकम असुल उपर गरिनेछ ।

८.५ बंगुर तथा कुखुरा कार्यक्रम सम्पन्न भई सके पछि जिल्ला पशु सेवा कार्यालयले कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ । प्रतिवेदनका साथमा कार्यक्रमको प्रभाव, उपलब्धी तथा आधारभूत सर्वेक्षण फाराम अनुसारको विश्लेषणात्मक विवरण उपलब्ध गराउनु पर्नेछ ।

अनुसूची - १ (क)

## निवेदन (नमूना)

श्री वरिष्ठ कृषि विकास अधिकृतज्यू,
जिल्ला कृषि विकास कार्यालय ......................

महोदय,

.................... जिल्ला ................. गा.वि.स./नगरपालिका वडा नं. ...... मा स्थित .................... जिल्ला ................. गा.वि.स./नगरपालिका वडा नं. ...... मा पर्ने नापी नक्सा नं................. मा रहेको ........... वटा कित्तामा रहेको कूल ................ हेक्टर/ रोपनी क्षेत्रफल जग्गामा सहकारीको सिद्धान्त अनुसार सहकारी खेती (सिंचाई तथा अन्य सामग्रीको जगेर्ना गर्ने) मा आधारित खेती गर्न इच्छुक भएको हुँदा सहकारी खेती स्कीम सञ्चालनका लागि तपसिल अनुसारको विवरण संलग्न राखी निवेदन दिएका छौं ।

**संलग्न कागजातहरु :**

१. सहकारी दर्ता प्रमाण-पत्रको प्रतिलिपी — १ प्रति
२. सहकारीमा (सिंचाई तथा अन्य सामग्रीको जगेर्ना गर्न) आधारित खेती गर्ने भन्ने संस्था/समूहको निर्णय प्रतिलिपी — १ प्रति
३. स्कीमको विस्तृत प्रस्ताव — १ थान
४. निवेदक संस्था र जि.कृ.वि.का.ले व्यहोर्ने रकम छुट्टिने गरी निवेदक संस्थाबाट तयार गरिएको मोटा मोटी लागत विवरण — १ थान

**निवेदक**

| | |
|---|---|
| संस्थाको सचिव | संस्थाको अध्यक्ष |
| दस्तखतः | दस्तखतः |
| नाम, थर : | नाम, थर : |
| मिति : | मिति : |

अनुसूची - १ (ख)

**निवेदन (नमूना)**

श्री मान प्रमुख ज्यू,
जिल्ला पशु सेवा कार्यालय ......................

महोदय,

.................... जिल्ला ................. गा.वि.स./नगरपालिका वडा नं. ...... का हामी तपसिल बमोजिमका सहकारी संस्थाले सहकारी खेतीमा पशुपालन (बंगुर/कुखुरापालन) कार्यक्रम सञ्चालन गर्नको लागि सहकारी खेती कार्यक्रमको प्रस्तावका साथै तपसिल अनुसारको विवरण संलग्न राखी निवेदन दिएका छौं ।

**संलग्न कागजातहरु :**

१. सहकारी दर्ता प्रमाण-पत्रको, प्रतिलिपी — १ प्रति
२. सहकारी खेती कार्यक्रमको प्रस्ताव प्रतिलिपी — १ प्रति
३. निवेदक संस्था र जि.प.से.का./केन्द्रिय कार्यालयले व्यहोर्ने रकम छुट्टिने गरी निवेदक संस्थाबाट तयार गरिएको मोटा मोटी लागत विवरण
(अनुसूची २-ख) — १ थान

**निवेदक**

| | |
|---|---|
| संस्थाको सचिव | संस्थाको अध्यक्ष |
| दस्तखतः | दस्तखतः |
| नाम, थर : | नाम, थर : |
| मिति : | मिति : |

अनुसूची - २ (क)

**इष्टिमेट अनुसार सहकारी संस्था र जिल्ला कृषि विकास कार्यालयले सम्पन्न गरिने इष्टिमेट कार्यहरु र मोटामोटी लागतको विवरण तालिका (नमूना)**

| कृषि सहकारी संस्थाले गर्ने कार्यहरु | | | | जिल्ला कृषि विकास कार्यालयले गराउने कार्यहरु | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | विवरण | परिमाण | मूल्य | क्र.सं. | विवरण | परिमाण | मूल्य | |
| | | | | | | | | |
| जम्मा | | | | | | | | |
| प्रतिशत खर्च | | | | | | | | |

तयार गर्नेको

दस्तखतः

नाम, थर :

मिति :

अनुसूची - २ (ख)

**कार्यक्रम प्रस्ताव अनुसार सहकारी संस्था र जिल्ला पशु सेवा/केन्द्रिय कार्यालयले सम्पन्न गरिने कार्यहरु र मोटामोटी लागतको विवरण तालिका (नमूना)**

| पशु सेवा सहकारी संस्थाले गर्ने कार्यहरु | | | | जिल्ला/केन्द्रीय कार्यालयले गराउने कार्यहरु | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम विवरण | लक्ष/ परिमाण | मूल्य | क्र.सं. | कार्यक्रम विवरण | लक्ष/ परिमाण | मूल्य | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| जम्मा | | | | | | | | |
| प्रतिशत खर्च | | | | | | | | |

तयार गर्नेको

दस्तखतः

नाम, थर :

मिति :

अनुसूची - ३ (क)

**सहकारी खेती स्कीम कार्यक्रम निर्माण/पूनर्निर्माण सम्बन्धी सम्झौता पत्र (नमूना)**

1) यो सम्झौता-पत्र सहकारी ऐन, २०४८ अनुसार दर्ता भएका कृषि सहकारी संस्था र जिल्ला कृषि विकास कार्यालय वीच सहकारी खेती स्कीम आयोजना कार्यान्वयन प्रयोजनको लागि प्रयोग गरिनेछ ।

2) यो सम्झौता, दुवै पक्षको दस्तखत भएको मिति देखि प्रारम्भ भएको मानिनेछ । यसमा प्रथम पक्ष कृषि सहकारी संस्था र दोश्रो पक्ष जि.कृ.वि.का./जि.प.से.का. हुनेछ ।

3) सहकारी संस्थाले सम्झौता भएको मितिले १५ दिन भित्र कार्य शुरु गर्नु पर्नेछ ।

4) यस सहकारी खेती स्कीम कार्यक्रमको निर्माण कार्य सहकारी संस्थाले आफ्नो रेखदेखमा गर्नु पर्नेछ ।

5) आफैले नगरी दोश्रो व्यक्ति वा अन्य संस्थालाई ठेक्कापट्टा दिई गराउन पाइने छैन । गराएमा सम्झौता खारेज गरिनेछ ।

6) जिल्ला कृषि विकास कार्यालयले उपलब्ध गराउने रकम वढिमा रु. ६,००,०००।- (छ लाख) ३ किस्तामा उपलब्ध गराइने छ । पहिलो किस्ता आयोजना शुरु गर्नको लागि २० प्रतिशत, दोश्रो किस्ता र तेश्रो किस्ता कार्य प्रगतिको आधारमा उपलब्ध गराइनेछ ।

7) सम्बन्धित सहकारी संस्थाले सहकारी खेती स्कीमको लागि अनुदान रकम प्राप्त गर्न निर्माण र व्यवस्थापन गर्न लाग्ने कूल लागतको घटिमा १५ प्रतिशत लागत जन श्रमदान वा नगद वा दुवैको रुपमा सम्बन्धित सहकारी संस्थाले व्यहोर्नु पर्नेछ ।

8) किस्ता भुक्तानी गर्दा सम्बन्धित प्राविधिकबाट कामको मूल्यांकनको आधारमा रकम भुक्तानी गरिनेछ ।

9) सहकारी संस्थाले यसै कार्यक्रमको लागि आफनै समूहको श्रोत वाहेक कुनै सरकारी, गैह्र सरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रुपमा जिल्ला कृषि विकास कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।

10) सहकारी संस्थाले काम गर्दा जिल्ला कृषि विकास कार्यालयबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशन अनुसार गर्नु पर्नेछ ।

11) अन्तिम किस्ता भुक्तानी गर्ने सम्बन्धमा सुपरभिजन गरी फाइनल विल तयार गर्ने प्राविधिकबाट कार्य सम्पन्न प्रतिवेदन तयार गरी सहकारी संस्थाको वैठकबाट निर्णय गराई जिल्ला कृषि विकास कार्यालयमा प्राप्त भएको, साधारणतया ७ दिन भीत्र सम्बन्धित सस्थाको नाउँमा बैक चेक मार्फत भुक्तानी दिईने छ ।

12) यस कार्यक्रम अन्तर्गतको निर्माण कार्य सोही आ.व. भित्र सम्पन्न गर्नु पर्नेछ । सहकारी संस्था लिक्वीडेशनमा जाने अवस्था रहेको खण्डमा वा जाने भएमा सहकारी संस्थाको सम्पूर्ण सम्पति सहकारी ऐन, २०४८ र नियमावली २०४९ अनुसार हुनेछ ।

13) सहकारी संस्थाको लापरवाहीको कारण समयमा कार्य सम्पन्न नभई हानी नोक्सानी हुन गएमा त्यसको सम्पूर्ण जिम्मेवारी सहकारी संस्थाको हुनेछ किस्ता रकम वुझी लगि कार्य सम्पन्न नगरेमा नेपाल सरकारको प्रचलित ऐन कानून अनुसार असुल उपर गरिनेछ ।

14) सहकारी संस्थाले निर्माण कार्यको सार्वजनिक सुनवाई (Public hearing) गराउनु पर्नेछ ।

15) सम्झौता भएको मिति देखि ७ दिन भित्र यो सम्झौता बमोजिमको सम्पूर्ण कार्य (डिजाईन इस्टीमेट, अनुसार) पूर्णरुपमा सम्पन्न गरी सञ्चालनमा ल्याईने छ ।

१६. निर्माण कार्य अथवा यस सम्बन्धी कुनै विवाद आएमा जिल्ला कृषि विकास समितिको निर्णय नै अन्तिम मानिनेछ ।

१७. यो सम्झौतामा उल्लेख भएका वूंदाहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

| ;ldlt cWoIf÷k|ltlglw | sfo{qmd ;+of]hs | jl/i7 s[lif ljsf; clws[t |
|---|---|---|
| नाम तथा हस्ताक्षर : | नाम तथा हस्ताक्षर : | नाम तथा हस्ताक्षर : |
| मिति : | मिति : | मिति : |

सहकारी संस्थाको नाम :

मिति :

संस्थाको छाप :

प्रथम पक्ष : दोश्रो पक्ष :

संस्थाको छाप : साक्षी :

कार्यालयको छाप :

अनुसूची - ३ (ख)

## सहकारी खेतीमा पशुपालन प्रस्ताव कार्यक्रम कार्यान्वयन सम्बन्धी सम्झौता पत्र (नमूना)

१) यो सम्झौता-पत्र सहकारी ऐन, २०४८ अनुसार दर्ता भएका कृषि सहकारी संस्था र जिल्ला पशु सेवा कार्यालय वीच सहकारी खेती प्रस्ताव आयोजना कार्यान्वयन प्रयोजनको लागि प्रयोग गरिनेछ ।

२) यो सम्झौता, दुवै पक्षको दस्तखत भएको मिति देखि प्रारम्भ भएको मानिनेछ । यसमा प्रथम पक्ष पशु सहकारी संस्था र दोश्रो पक्ष जि.प.से.का. ........... हुनेछ ।

३) सहकारी संस्थाले सम्झौता भएको मितिले १५ दिन भित्र कार्य शुरु गर्नु पर्नेछ ।

४) यस सहकारी खेती प्रस्ताव कार्यक्रमको सञ्चालन सहकारी संस्थाले आफ्नो रेखदेखमा गर्नु पर्नेछ ।

५) आफैले नगरी दोश्रो व्यक्ति वा अन्य संस्थालाई ठेक्कापट्टा दिई गराउन पाइने छैन । गराएमा सम्झौता खारेज गरिनेछ ।

६) सम्बन्धित सहकारी संस्थाले सहकारी खेती प्रस्तावको लागि अनुदान रकम प्राप्त गर्न कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्न लाग्ने कूल लागतको घटिमा १५ प्रतिशत लागत जन श्रमदान वा नगद वा दुवैको रुपमा सम्बन्धित सहकारी संस्थाले व्यहोर्नु पर्नेछ ।

७) जिल्ला पशु सेवा कार्यालयले उपलब्ध गराउने रकम बढिमा २ किस्तामा उपलब्ध गराईने छ र पहिलो किस्ता स्वरुप बढिमा ५० प्रतिशत रकम पेश्कीको रुपमा सहकारीलाई उपलब्ध गराईने छ ।

८) किस्ता भुक्तानी गर्दा सम्बन्धित प्राविधिकबाट कार्यक्रमको प्रगतिको मूल्यांकनको आधारमा रकम भुक्तानी गरिनेछ ।

९) सहकारी संस्थाले यसै कार्यक्रमको लागि आफ्नै समूहको श्रोत वाहेक कुनै सरकारी, गैह्र सरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रुपमा जिल्ला पशु सेवा कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।

१०) सहकारी संस्थाले काम गर्दा जिल्ला पशु सेवा कार्यालयबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशन अनुसार गर्नु पर्नेछ ।

११) दोश्रो वा अन्तिम किस्ता भुक्तानी गर्ने सम्बन्धमा जिल्ला पशु सेवा कार्यालयका प्राविधिकबाट कार्य प्रगति प्रतिवेदन तयार गरी सहकारी संस्थाको वैठकबाट निर्णय गराई जिल्ला पशु सेवा कार्यालयमा प्राप्त भएको साधारणतया ७ दिन भित्र सम्बन्धित सस्थाको नाउँमा बैक चेक मार्फत भुक्तानी दिईने छ ।

१२) यस कार्यक्रम अन्तर्गतको कार्यहरु सोही आ.व. भित्र सम्पन्न गर्नु पर्नेछ । सहकारी संस्था लिक्वीडेशनमा जाने अवस्था रहेको खण्डमा वा जाने भएमा सहकारी संस्थाको सम्पूर्ण सम्पति सहकारी ऐन, २०४८ र नियमावली २०४९ अनुसार हुनेछ ।

१३) सहकारी संस्थाको लापरवाहीको कारण समयमा कार्य सम्पन्न नभई हानी नोक्सानी हुन गएमा त्यसको सम्पूर्ण जिम्मेवारी सहकारी संस्थाको हुनेछ ।

१४) सहकारी संस्थाले कार्यक्रम कार्यान्वयनको सार्वजनिक सुनवाई (Public hearing) गराउनु पर्नेछ ।

१५) सम्झौता भएको मिति देखि ७ दिन भित्र यो सम्झौता बमोजिमको सम्पूर्ण कार्यक्रमहरु कार्यान्वयनमा ल्याउनु पर्नेछ ।

१६) कार्यक्रम कार्यान्वयन गर्ने सहकारी संस्थाले सो कार्यक्रमलाई आगामी बर्षहरुमा पनि निरन्तरता दिनु पर्नेछ । एक पटक यस किसिमको सहकारी खेती कार्यक्रममा सहभागी हुने सहकारी संस्थाले यस्तै किसिमको अन्य कार्यक्रममा सहभागी हुन पाउने छैन ।

१७) कार्यक्रम कार्यान्वयन गर्दा कुनै विवाद आएमा जिल्ला कृषि विकास समितिको निर्णय नै अन्तिम मानिनेछ ।

१८) यो सम्झौतामा उल्लेख भएका वूंदाहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

| ;ldlt cWoIf÷k\|ltlglw | sfo{qmd ;+of]hs | k\|d"v lh=k=;]=sf= |
|---|---|---|
| नाम तथा हस्ताक्षर : | नाम तथा हस्ताक्षर : | नाम तथा हस्ताक्षर : |
| मिति : | मिति : | मिति : |

सहकारी संस्थाको नाम :

मिति :

संस्थाको छाप :

| | |
|---|---|
| प्रथम पक्ष : | दोश्रो पक्ष : |
| संस्थाको छाप : | साक्षी : |
| | कार्यालयको छाप : |

अनुसूची - ४ (क)

## सहकारी खेती (सिंचाई तथा अन्य सामग्रीको जगेर्ना गर्न) स्कीम/आयोजना कार्यान्वयन गर्न कृषि सहकारी संस्थाहरु र जिल्ला कृषि विकास कार्यालय बीचको करारनामाको नमूना

.................... जिल्ला ................. गा.वि.स./नगरपालिका वडा नं. ...... स्थित .............................. सहकारी संस्था दर्ता नं. ................ ले .................... जिल्ला ................. गा.वि.स./नगरपालिका वडा नं. ...... मा रहेको नापी नक्सा नं. ................ को एकै स्थानमा पर्ने ............ वटा कित्तामा रहेको जग्गा क्षेत्रफल ................ हे./रोपनीमा हाम्रो सहकारी संस्थाले नेपाल सरकारबाट स्वीकृत भएको कार्यविधिको अधिनमा रही सहकारी खेती (सिंचाई तथा अन्य सामग्रीको जगेर्ना गर्न) स्कीम कार्यक्रमको लागि चाहिने सामग्रीहरुको व्यवस्था र उत्पादित वस्तुहरुको हिस्सा वांडफांड हाम्रो संस्थाको निर्णय अनुसार हुनेछ। जिल्ला कृषि विकास कार्यालय र अन्य कार्यालयहरुबाट सहकारी खेतीबाट उपलब्ध भएका र हुने सुविधा सहुलियत, अनुदान रकम वा वस्तु सहकारीमा आधारित खेतीकै लागि प्रयोग गर्नेछौं। अन्य कार्यमा प्रयोग गर्नेछैनौ। अन्य काममा प्रयोग गरेको पाईएमा प्रचलित नियम कानून अनुसार सहौला/भोगौला। सहकारी खेतीमा प्रयोग भएका सामग्री र उत्पादनहरुको विवरणहरु तथा अन्य सूचनाहरु माग भए अनुसार जिल्ला कृषि विकास कार्यालयमा उपलब्ध गराउनेछौं।

| | |
|---|---|
| **सहकारी संस्था/गा.वि.स./जि.वि.स. को तर्फबाट** (अधिकार प्राप्त पदाधिकारी) | **जिल्ला कृषि विकास कार्यालयको तर्फबाट** (अधिकार प्राप्त पदाधिकारी) |
| सहीः | सहीः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाको छाप | कार्यालयको छाप |
| रोहवर | |
| सही ........................... | सही ........................... |
| नाम ........................... | नाम ........................... |
| पद ........................... | पद ........................... |
| मिति ........................... | मिति .......................... |

अनुसूची - ४ (ख)

## सहकारी खेतीमा पशुपालन (बंगुर/कुखुरा) कार्यक्रम कार्यान्वयन गर्ने पशु सहकारी संस्थाहरु र जिल्ला पशु सेवा कार्यालयबीचको करारनामापत्रको

## नमूना

.................... जिल्ला ................. गा.वि.स./नगरपालिका वडा नं. ...... स्थित .......................................... सहकारी संस्था दर्ता नं. ................ ले .................... जिल्ला ................. गा.वि.स./नगरपालिका वडा नं. ...... मा रहेको नापी नक्सा नं. ................ को एकै स्थानमा पर्ने ............ वटा कित्तामा रहेको जग्गा क्षेत्रफल ................ हे./रोपनीमा हाम्रो सहकारी संस्थाले नेपाल सरकारबाट स्वीकृत भएको कार्यविधिको अधिनमा रही सहकारी खेतीमा पशुपालन (बंगुर/कुखुरा) प्रस्ताव कार्यक्रमको लागि चाहिने सामग्रीहरुको व्यवस्था र उत्पादित वस्तुहरुको हिस्सा वांडफांड हाम्रो संस्थाको निर्णय अनुसार हुनेछ। जिल्ला पशु सेवा कार्यालय र अन्य कार्यालयहरुबाट सहकारी खेतीबाट उपलब्ध भएका र हुने सुविधा सहुलियत, अनुदान रकम वा वस्तु सहकारीमा आधारित खेतीकै लागि प्रयोग गर्नेछौं। अन्य कार्यमा प्रयोग गर्ने छैनौं। अन्य काममा प्रयोग गरेको पाईएमा प्रचलित नियम कानून अनुसार सहौंला/भोगौंला। सहकारी खेतीमा प्रयोग भएका सामग्री र उत्पादनहरुको विवरणहरु तथा अन्य सूचनाहरु माग भए अनुसार जिल्ला पशु सेवा कार्यालयमा उपलब्ध गराउने छौं।

| | |
|---|---|
| **सहकारी संस्था/गा.वि.स./जि.वि.स. को तर्फबाट** (अधिकार प्राप्त पदाधिकारी) | **जिल्ला पशु सेवा कार्यालयको तर्फबाट** (अधिकार प्राप्त पदाधिकारी) |
| सहीः | सहीः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाको छाप | कार्यालयको छाप |

**<u>रोहवर</u>**

| | |
|---|---|
| सही ........................... | सही ........................... |
| नाम ........................... | नाम ........................... |
| पद ........................... | पद ........................... |
| मिति ........................... | मिति .......................... |